१८८

योग वाशिष्ठ

प्रश्नोत्तरी

य ब्रह्मनिष्ठ डॉ० क्षितीशचन्द्र चक्रवर्ती

अनुरोध

अद्वैत बन्धुहरू,

यो शुभ सन्देश सुनाउन पाउँदा हामीलाई अत्यन्त हर्षको अनुभव भएको छ कि पूर्वनिर्धारित कार्य-क्रम अनुसार हामी समयमै काशी गयौं। महान् परिश्रमद्वारा मुमुक्षुहरूको परम उपकारका निम्ति बीसौं वर्ष पहिले हिन्दीमा श्रीगुरुदेवबाट लेखि बक्सेका ग्रन्थहरू प्रकाशित गरी मुमुक्षुहरूको समक्ष प्रस्तुत गर्न सक्यौं। यो काम हामी जस्तो शोच्यौं त्यति सहज, थिएन। यस बीचमा हामीलाई धेरै प्रकारको कठिनाईको सामना गर्नु पऱ्यो, तैपनि श्रीगुरुदेवको आशीर्वाद, परमात्माको कृपा आत्मीय साथीहरूको सहयोगले हामीमा असीम धैर्य र उत्साह ल्याइदियो। फलतः कार्यमा सफलता मिल्यो। आज लुप्तप्राय (सिद्धान्त पत्रिकामा प्रकाशित किन्तु हाल अप्राप्य) यी अमूल्य लेखमालाहरू सूर्यचन्द्र रहे सम्म सुरक्षित हुने भए। हाम्रा मुमुक्षुका प्राणाधार शंकरावतार श्रीगुरुदेवको कीर्ति पताका हिन्दी भाषीहरूका बीच पनि फहराउने भो। अब हाम्रा गुरुदेवलाई भारतमा पनि चिन्ने भए। अद्वैत संस्थाको सिद्धान्तलाई भारतवासीहरूले बुझ्ने भए।

काशीमा आठओटा हिन्दी र दुइओटा नेपाली गरी जम्मा दसओटा ग्रन्थ प्रकाशन गर्दा लेख सार्नु, प्रूफ संशोधन, भूमिका

[शेष कवर तेस्रो मा]

योगवाशिष्ठ प्रश्नोत्तरी

वेदान्त
N-Q 21:226
CHM 2030 B.S.

लेखक
श्रोत्रिय ब्रह्मनिष्ठ डा० क्षितीशचन्द्र चक्रवर्ती
(एम० ए० डी० फिल० वी० एल०)
संस्थापक—अद्वैत संस्था
कुलपति—अखिल अद्वैत विश्वविद्यालय, नेपाल

प्रकाशिका
रत्नकुमारी, कौशिलादेवी, वत्तीमाया,
गौकुमारी, टिकाकुमारी
अद्वैत संस्था जि० कार्यालय वन्दिपुर नेपाल

- प्रकाशिका :—

  रत्नकुमारी, कौशिलादेवी, वत्तीमाया,
  गौकुमारी, टिकाकुमारी
  अद्वैत संस्था जिल्ला कार्यालय तनहुँ
  वन्दिपुर, नेपाल

- आश्विन कृष्ण मातृनवमी
  वि० सं० २०३०

- सर्वाधिकार : अद्वैत संस्था नेपाल

- मूल्य : १।५०

2/ N21:226/CHA

- मुद्रक :
  श्री माहेश्वरी प्रेस,
  भाट की गली (गोलघर), वाराणसी-२२१००१



परमपूज्य श्रीगुरुदेव पं० शिवराम पुरुषोत्तमानन्द

(डॉ० क्षितीशचन्द्र चक्रवर्ती एम. ए. डी.
फिल. वी. एल.)

आशीर्वचन

अद्वैत संस्थाका भक्तहरूबाट प्रकाशित पुस्तक पुस्तिकाहरूको यो विशेषता हुन्छकि तिनीहरूमा सम्पूर्ण द्वैत प्रपञ्चको श्रुति,युक्ति र विद्वद् अनुभव द्वारा निरसनपूर्वक केवल परिशिष्ट स्वयं प्रकाशमान अद्वैत निजी स्वरूपको प्रतिपादन गरिन्छ। प्रसङ्गवश ईश्वरतत्व र मनुष्यको प्रारब्धमा अधिष्ठित भएको ईश्वर स्वरूपको निरूपण पनि उपलब्ध हुन्छ। ईश्वर स्वरूपको निरूपण हो केवल द्वैत प्रपञ्चको आत्यन्तिक निरसनको लागि। यसप्रकार जब निर्गुण ईश्वरको भक्तिपूर्वक जगत् निरसन हुन्छ, तब त्यो निरसनको अवधि रूपले ब्रह्मदेखि अभिन्न निर्गुण ईश्वररूप मुमुक्षुको आफ्नो निजी वास्तव स्वरूप स्वयं प्रकट भैहाल्छ। यसप्रकार ब्रह्मको अभिव्यक्ति केवल निश्चल (अखण्डाकार) बुद्धिमा संभव हुन्छ।

अद्वैत संस्थाका भक्तहरूद्वारा प्रकाशित अद्वैत-तत्वको प्रतिपादक पुस्तक पुस्तिकाको प्रकाशनमा हृदयतः मेरो आशीर्वाद छ। यसप्रकार अद्वैत-विषयक पुस्तक प्रकाशनबाट भगवान पशुपतिनाथ प्रसन्न भएर प्रकाशकको हृदयमा स्थित पारमार्थिक अन्धकारलाई विनष्ट गरिदिनु हुन्छ र भक्त ईश्वर विज्ञानी बनिहाल्छ।

लक्ष्मी-निवास
२२ कांग्रेस एक्जिविशन रोड
कलकत्ता—१७

—क्षितीशचन्द्र चक्रवर्ती

प्रस्तावना

जस्तै स्वप्नबाट नजागे सम्म हजारौं चेष्टा गरे पनि स्वाप्निक समस्याबाट मुक्त हुन्न सकिदैन, त्यस्तै आफ्नो वास्तव सनातन चित्सुखस्वरूपलाई नजाने सम्म संसारको जन्ममरण आदि दुःखबाट कदापि छुटन सकिदैन। अतएव शास्त्र भन्छ—"ऋते ज्ञानान्नमुक्तिः" (ज्ञान विना मुक्ति हुँदैन), "ज्ञानादेवं तु कैवल्यम्" (ज्ञानद्वारा नै मोक्ष प्राप्त हुन्छ) इत्यादि। आत्मज्ञानको एकमात्र साधन वेदान्त-शास्त्रको श्रवण, मनन, निदिध्यासनरूप विचार हो, जो आज परम दयालु श्रीगुरुदेवको असीम कृपाले विशेषतः नेपालीहरूलाई प्राप्त भएको छ। ज्ञान कति महान् हो भन्ने विषयमा मेरा चिरमित्र निम्बार्क वेदान्तका विशिष्ट विद्वान् **श्रीहरिशरण उपाध्याय** व्याकरणवेदान्ताचार्य दर्शनविभागाध्यक्ष श्रीनिम्बार्क महाविद्यालय वृन्दावन लेख्नु हुन्छ—**अद्वैतवाद नबुझ्ने र दुराग्रहीलाई मात्र हौवा छ, मनीषी महानुभावहरूलाई त्यो एक अभेद्य सिद्धान्त हो**....." श्रुति स्मृति न्याय प्रतिप्रादित ज्ञानकाण्ड मै सम्पूर्ण शास्त्र एवं सिद्धान्तको परिसमाप्ति हुन्छ भन्ने तथ्यलाई निर्मत्सर (सांप्रदायिक पक्षपातरहित) विद्वत्समाजबाट सधैं स्वीकार गरिएको छ र सूर्यचन्द्र रहेसम्म गरिनेछ। "ईश्वरानुग्रहादेव पुंसामद्वैतवासना" अनुसार यसमा पदक्षेप दुर्लभ हुनु स्वाभाविकै हो। हीराको दोकानमा मानिसको भीड़ नलाग्नु अस्वाभाविक हैन।

विन्दुमा सिन्धु झैं सम्पूर्ण वाशिष्ठको सार एघार प्रश्नोत्तरको रूपमा श्रीगुरुदेवको यो कृतिलाई कट्टर गुरुभक्त श्रीरत्नकुमारीज्यू समेतका भक्तिमतीहरूबाट प्रकाशित गरी अद्वैत संस्थालाई अर्पित गर्नु भएकोमा हामी अद्वैत संथाको तर्फबाट उहाँहरूलाई शतशः धन्यवाद दिन्छौं। श्रीगुरुदेवको शुभाशीर्वाद उहाँहरूप्रति सदाकाल वर्षिरहोस् यही कामना लिदै श्रीगुरुदेवको चरणकमलमा वन्दना टक्र्याउँदै यहीं विश्राम लिन्छु।

आश्विन कृष्ण मातृनवमी
२०३० वाराणसी

ज्ञानेश्वर सरस्वती
(देवेश्वर)

योगवाशिष्ठ प्रश्नोत्तरी

[१]

प्रश्न—संसारको अशेष दुःख प्राप्त हुनुको कारण के हो ? त्यसको निवारण को उपाय के हो ?

उत्तर—संसारको अशेष दुःखप्राप्ति हो जगतमा सत्यताबुद्धि । यो सत्यताबुद्धि हो दुःखको एकमात्र कारण । यसैको नाम हो बन्धन किम्वा दृश्यसित द्रष्टाको कल्पित सम्बन्ध ।

द्रष्टाको दृश्यसित सम्बन्ध हो बन्धन र दृश्यबाट द्रष्टाको पार्थक्यज्ञान हो मुक्ति । जबसम्म द्रष्टा पुरुषको आफूदेखि भिन्न दृश्यपदार्थसित सम्पर्क बनिरहन्छ तबसम्म दुःखको निवृत्ति हुँदैन । जब द्रष्टा दृश्यलाई आफ्नो वास्तव स्वरूपदेखि अभिन्न भनी अनुभव गर्छ,

तब द्रष्टा दृश्यबाट रहित हुन्छ; अर्थात् द्रष्टाको कुनै प्रकार दुःखको अनुभव हुन सक्दैन ।

यसरी संक्षेपले दुःखदायी बन्धनको स्वरूप र सम्पूर्ण दुःखनिवृत्तिको उपाय प्रदर्शित भएको छ । अज्ञानले द्रष्टाको दृश्यमा सत्यताबुद्धि हुन्छ; यो नै हो द्रष्टाको दृश्यसित सम्बन्ध । **जब ज्ञानद्वारा अज्ञान विनष्ट हुन्छ तब दृश्यको सम्पूर्ण अभाव भैहाल्छ र द्रष्टा आफ्नो वास्तव सुखस्वरूपमा स्थित रहन्छ ।**

द्रष्टा पुरुषले भ्रमले दृश्यलाई साँचो मान्दछ र त्यसको इच्छा गर्दछ । जब विचार द्वारा दृश्य पदार्थको असत्ताको निश्चय गर्छ तब सम्पूर्ण दृश्य जगतबाट सम्पर्करहित भैकन सारा दुःखबाट आफ्नो वास्तव नित्य सुखस्वरूपमा स्थित हुन्छ ।

[२]

प्रश्न—सम्पूर्ण दृश्य प्रपञ्चको निवृत्ति कसरी हुन्छ ?

उत्तर—पहिले दृश्य प्रपञ्चको स्वरूप बुझनु पर्दछ ।

यो जगत् प्रपञ्च दृश्यरूप भएको हुनाले यो हो वास्तवमा द्रष्टा पुरुषमा कल्पित र द्रष्टा (साक्षिचैतन्य) द्वारा प्रकाशित । किनकि सम्पूर्ण दृश्य हो केवल अनुभवबाट सिद्ध; यसको पृथक् प्रकारले सिद्धि सम्भव छैन ।

त्यसो भएको हुनाले दृश्यको (जगत्प्रपञ्चको) द्रष्टादेखि पृथक् सत्ता छैन; किनकि द्रष्टाको स्वरूप-स्फुर्तिबाट दृश्य प्रपञ्च स्फुर्तियुक्त हुन्छ र त्यसपछि सत्तावान् द्रष्टाको स्वरूपमा कल्पित भैकन (द्रष्टाबाट साक्षात् अनुभूत भईकन) दृश्य सत्तावान् मानिन्छ ।

यो राम्ररी बुझनेलायक कुरा हो कि कुनै दृश्य द्रष्टाको अनुभवस्वरूपदेखि अन्यत्र प्रकाशित हुँदैन किम्वा सत्ता प्राप्त हुँदैन । जहाँ-जहाँ दृश्यको अनुभव हुन्छ त्यो सारा हो अनुभवरूप साक्षीस्वरूपबाट सिद्ध । अनुभव स्वरूप जो ब्रह्म वस्तु हो त्यो नै शरीरमा अनुप्रविष्ट भैकन साक्षी नामले कहिन्छ र त्यो शरीरानु-प्रविष्ट अनुभवस्वरूप ब्रह्म वस्तुबाट सम्पूर्ण दृश्य प्रपञ्चको साक्षात् अनुभव भैरहन्छ । यसरी बुझिन्छ

कि दृश्य प्रपञ्चको अलिकति पनि अनुभवस्वरूपदेखि भिन्न स्फुर्ति किम्वा सत्ता छैन ।

प्रश्न—यहाँबाट के सिद्ध भो ?

उत्तर—दृश्य हो द्रष्टामा कल्पित यो सिद्ध भयो ?

प्रश्न—यसको कारण के हो ?

उत्तर—कारण यो हो कि यदि दृश्य स्वतन्त्ररूपले साँचो हुनेथियो तब दृश्यको पृथक् सत्ता मानिन्थ्यो र द्रष्टासित सम्पर्क युक्त भए द्रष्टा पुरुषबाट योग्य साधन द्वारा दृश्यलाई हटाउन सकिनेथियो, तर यस्तो हैन । यसमा कारण यो हो कि द्रष्टाले दृश्यलाई खडा गर्न सक्छ; किन्तु दृश्यले द्रष्टालाई खडा गर्न सक्दैन । यदि दृश्य द्रष्टादेखि भिन्न वस्तु हुन्थ्यो, तब दृश्य द्रष्टासित मिल्न सक्नेथियो र द्रष्टा कहिले पनि दृश्यबाट अलग हुन सक्नेथिएन ।

प्रश्न—द्रष्टा त कहिले पनि दृश्यबाट अलग भएको देखिंदैन; किनकि द्रष्टा रहन्छ, दृश्य रहँदैन यस्तो अनुभव कहिले पनि हुँदैन ।

उत्तर—यो ठीक हैन। सुषुप्ति र समाधिरूप अवस्था छोडिदिए पनि द्रष्टा र दृश्यको पार्थक्य युक्तिबाट पनि सिद्ध हुन्छ। अर्थात् दृश्य हो कल्पित र द्रष्टा हो स्वयं प्रकाश र दृश्यरहित। यो युक्तिबाट र अनुभवबाट पनि सिद्ध हुन्छ। जब मनुष्यलाई दुःखको अनुभव हुन्छ (अर्थात् म द्रष्टा दुःखरूप दृश्यसित मिलेको छु; यस प्रकार अनुभव हुन्छ) तब दृश्यको असद्भाव भएको हुनाले केवल अनुभवस्वरूप प्रकाशित हुन्छ र अनुभव-देखि व्यतिरिक्त भिन्न (कुनै दृश्य पदार्थ) प्रकाशित हुँदैन। 'म दुःखलाई अनुभव गरिराखेको छु; यसको सिद्धि दुःखानुभवको स्वतन्त्र प्रकाशको अधीन हुन्छ, किन्तु दृश्यको प्रकाश स्वप्रकाश द्रष्टादेखि भिन्नरूपले सम्भव छैन; केवल एक अखण्ड प्रकाश विद्यमान छ; अखण्ड प्रकाश व्यतिरिक्त अरू कुनै वस्तु प्रकाशित हुनु देखिदैन। सारा अनुभव हो एक अखण्ड वस्तुरूप; त्यसकारण स्वयं प्रकाश अनुभव स्वरूपमा दृश्य भन्ने द्वितीय वस्तु विद्यमान छ भनी अनुभवमा आउँदैन। त्यसकारण दुःखको अनुभव केवल भ्रमसिद्ध हो भनी

बुझ्नु पर्दछ। यदि दृश्यको पृथक् अनुभव हुन्थ्यो तब दृश्यको पृथक् सत्ता मान्नु योग्य थियो। त्यसकारण पृथक् दृश्य पदार्थ युक्तिबाट पनि सिद्ध भएन।

प्रश्न—त्यसो भए दृश्य-निवृत्तिको उपाय के सिद्ध भयो ?

उत्तर—दृश्यको स्वरूप जान्नु हो दृश्यनिवृत्तिको एकमात्र उपाय। दृश्य साक्षात् अनुभवबाट सिद्ध भएको हुनाले त्यसको पृथक् सत्ता छैन, यो सिद्ध भो। तब त्यसको निवृत्तिको लागि कुनै साधन अपनाउनु पर्ने आवश्यक छैन। बरू जप, तप, समाधिरूप साधन अपनाए पछि—साधनसापेक्ष दृश्यनिवृत्ति मानिएको हुनाले—दृश्यको पुनः पुनः उल्लेखवशात् दृश्यमा सत्यताबुद्धि बढेर आउँछ। यसरी दृश्यको निवृत्ति कहिले पनि सम्भव हुँदैन।

प्रश्न—एउटा दृष्टान्तबाट यो कुरा स्पष्ट गर्नुस्।

उत्तर—म जपबाट दृश्यनिवृत्ति गर्छु; अर्थात् दृश्य छैन, दृश्य छैन, (दृश्य निवृत्त भैहालोस्, दृश्य निवृत्त

भैहालोस्) भनी जति जप गरे पनि पुनः पुनः दृश्यको उल्लेख भैराखेको हुनाले दृश्य झन ज्यादा साँचो बनेर जान्छ । जपबाट दृश्यनिवृत्ति हुँदैन । तपस्याबाट पनि जगत् दृश्यको निवारण सम्भव छैन; म नानाप्रकार कष्ट सहेर दृश्य प्रपञ्चलाई हटाइदिन्छु भनीकन तपस्याबाट झन दृश्यको सत्यता बढेर आउँछ । यसरी समाधि-अभ्यासबाट पनि जगत्प्रपञ्चको अलिकति पनि निवारण सम्भव हुँदैन, बरू समाधिबाट व्युत्थान भए जगतमा सत्यताबुद्धि अवश्य बढेर आउँछ ।।

प्रश्न—अच्छा, ढुंगाजस्तो बनेर निर्विकल्पसमाधि-को अभ्यास गरे त दृश्यनिवृत्त अवश्य भैहाल्ला ।

उत्तर—यद्यपि ढुँगा जस्तो बनेर निर्विकल्प समाधि प्राप्ति सम्भव छैन तापनि ढुँगा जस्तो अफुर (निर्विकल्प) अत्यन्त दीर्घकालीन समाधि माने तापनि त्यो समाधि-बाट अवश्य व्युत्थान हुन्छ र जुन दृश्यलाई निरोध गर्नु-को लागि निर्विकल्प समाधिको अभ्यास गरिएको छ त्यो समाधिबाट व्युत्थान हुनु वित्तिकै दृश्य जगतको प्रतीति अवश्यम्भावी हो ।

प्रश्न—यसमा कारण के हो ?

उत्तर—दृश्य साँचो हो र त्यसको यत्नपूर्वक निरोधको लागि निर्विकल्प समाधिको अभ्यास गरिएको थियो जब त्यो समाधिबाट व्युत्थान हुन्छ तब सत्यबुद्धि-बाट गृहीत जगत् प्रपञ्च किन फेरि प्रतीत हुँदैन ? अवश्य प्रतीत हुन्छ ।

प्रश्न—यसमा कारण के हो ?

उत्तर—कारण यो हो कि सत्यबुद्धिले गृहीत दृश्य कहिले पनि आत्यन्तिक रूपले निवृत्त हुन सक्दैद । किनकि जो चाहिं सत्य हो त्यसको अभाव कहिले पनि हुन सक्दैन ।

प्रश्न—तब दृश्यनिवृत्तिको उपाय के हो ?

उत्तर—उपाय हो दृश्य बनेकै छैन (किनकि दृश्य अनुभवसिद्ध भएको हुनाले अनुभवदेखि त्यसको पृथक् सत्ता हुँदैन) । यसप्रकार निश्चय ज्ञान हो दृश्यनिवृत्ति-को एकमात्र उपाय । दृश्यको स्वरूप नजानेको हुनाले जो जगत् दृश्य प्रतीत भैराखेको छ, त्यसको निवृत्ति

दृश्य जगतको वास्तवस्वरूप जानेपछि स्वतः सिद्ध भैहाल्छ ।

प्रश्न—दृश्यनिवृत्तिको बारेमा निष्कर्ष के हो ?

उत्तर—निष्कर्ष यो हो कि दृश्य साँचो हो यस-प्रकार माने पछि दृश्यको निवृत्ति कदापि हुन सक्दैन । किन्तु दृश्य वस्तु चित्तको वृत्तिरूप भएको हुनाले (चित्स्वरूपमा साक्षात् कल्पित भएको हुनाले) त्यसको स्वतन्त्र सत्ता हुन सक्दैन र त्यसकारण सम्पूर्ण दृश्य हो मिथ्या, यसप्रकार अवधारण गरे दृश्य जगतमा आस्था हुँदैन र दृश्य जगतमा मिथ्यात्वबुद्धिको बृद्धिको साथ-साथै भ्रमसिद्ध दृश्यमा सत्यताबुद्धि विगलित भैहाल्छ ।

[३]

प्रश्न—शास्त्रमा तीर्थभ्रमण, तपस्या, ध्यान आदि भिन्न-भिन्न साधन बताएको छ । त्यसबाट साध्य हुने कुरा के हो ?

उत्तर—यो गीता आदि शास्त्रमा प्रसिद्ध छ कि

निष्ठा हो दुई प्रकार—(१) कर्मनिष्ठा र (२) ज्ञान-निष्ठा। यसमा कर्मनिष्ठाबाट चित्तशुद्धि प्राप्त हुन्छ र त्यसपछि ज्ञाननिष्ठाबाट सम्पूर्ण अज्ञानको विनाशक ब्रह्मज्ञान प्राप्त हुन्छ। तीर्थभ्रमण, जप, तप, ध्यान, सविकल्प समाधि, निर्विकल्प समाधि हो योगस्वरूप (अर्थात् चित्तशुद्धिको हेतुरूप)। त्यसकारण चित्त-शुद्धिका साधनहरूबाट स्वरूपज्ञान प्राप्त हुँदैन; स्वरूपज्ञान प्राप्त हुनको लागि चित्तशुद्धि अत्यन्त आवश्यक छ र ज्ञान बाहेक अरू सारा साधन हो चित्तशुद्धि प्राप्त गर्नुको लागि मात्र।

वर्तमान प्रसंगमा दृश्यनिरसनको लागि चित्तशुद्धिको हेतुभूत सम्पूर्ण साधन निरर्थक हुनजान्छ। यसको कारण यो हो कि दृश्य केवल भ्रमरूप भएको हुनाले त्यसको निरसन जप, तप, समाधिरूप कुनै क्रियाबाट सम्भव हुँदैन। केवल दृश्यको स्वरूप जान्नुबाट दृश्यको निरसन सम्भव हुन्छ। एतावता चित्तशुद्धिको हेतुरूप शास्त्रोक्त साधन निरर्थक हुँदैन; केवल ज्ञानबाट भ्रमले प्राप्त-जगतरूप दृश्यको निरसन सम्भव हुन्छ।

यो अत्यन्त मार्मिक कुरा हो कि ज्ञाननिष्ठा बाहेक जति साधनहरू (यम, नियम, आदिदेखि शुरू गरीकन निर्विकल्प समाधि सम्म) छन् ती सारा हुन् चित्तशुद्धि-का हेतुमात्र । चित्तशुद्धि प्राप्ति विना ज्ञान सार्थक हुँदैन र सम्पूर्ण भ्रमरूप ज्ञान (जस्तो जगतमा सत्यता बुद्धि यो सारा) केवल ज्ञानद्वारा निरस्त हुन्छ, अरू साधन-द्वारा हैन । त्यसैले जप, तप, समाधि किम्वा त्योदेखि पनि निकृष्ट तीर्थभ्रमण आदिबाट केवल चित्तशुद्धि सम्भव हुन्छ, त्यो पनि निष्कामरूपले अनुष्ठित भएमात्र । नभए पुण्यको उपचयपूर्वक स्वर्गादिको हेतुमात्र हुन्छ । संशय, भ्रमज्ञान, विपरीतज्ञान आदि सारा केवल ब्रह्म-ज्ञानबाट निरस्त हुन्छ ।

[४]

प्रश्न—जप, तप, ध्यानबाट दृश्य जगतको अभाव सम्भव हुन्छ कि ?

उत्तर—क्रियारूप जप आदिबाट चित्तशुद्धि साध्य हुन्छ र चित्तशुद्धि अनन्तर शुद्धचित्त पुरुष ब्रह्मस्वरूप-

लाई जान्नुको योग्य बन्दछ । यसरी जगद्भ्रमको विनाश केवल ज्ञानद्वारा सम्भव हुन्छ । कुनै क्रियाबाट सम्भव हुँदैन ।

केवल भ्रमले प्राप्त जगतमा सत्यताबुद्धि ज्ञानद्वारा विनष्ट हुन्छ । ज्ञान हो सत्य र असत्य वस्तुको विवेक । मुमुक्षुको र जगतको वास्तव स्वरूप हो स्वयं प्रकाश चैतन्यवस्तु र जगत हो अविद्या र चित्तमा प्रतिबिम्बित चैतन्यवस्तु । प्रतिबिम्बरूप (त्रिपुटीरूप) जगत हो वास्तवमा मिथ्या; त्यसकारण केवल विवेक ज्ञानद्वारा दृश्य जगतको आत्यन्तिक अभाव सम्भव हुन्छ ।

विवेकज्ञान हो ब्रह्मस्वरूपको अनुभवमा एकमात्र हेतु । सत्य र मिथ्या वस्तुको विवेक भए मिथ्या वस्तुको परित्याग हुन्छ र सत्य वस्तुलाई आफ्नो वास्तवस्वरूप भनी ग्रहण (अनुभव) गर्नु सम्भव हुन्छ । यसरी विचार-द्वारा मात्र भ्रमरूप अज्ञान विनष्ट हुन्छ । जप, तप, ध्यान आदि अरू कुनै क्रियाबाट सम्भव छैन ।

विवेक र विचारबाट त्रिपुटीमा मिथ्यात्वनिश्चय

८६३८

हुन्छ र त्यो मिथ्यात्वनिश्चय चित्तको अखण्डाकार हुनुमा सहायक बन्दछ। अखण्डाकार चित्त हो ब्रह्मस्वरूपदेखि अभिन्नरूपले चित्तको स्थिति। यसप्रकार अखण्डाकार चित्तको सहाराबाट स्वतः चित्सुखस्वरूप ब्रह्मको अनुभव हुन्छ। यसप्रकार अनुभवको अनुवृत्ति भए दृश्य जगतमा सत्यताबुद्धिको वासना शिथिल हुन जान्छ र क्रमले अन्तिम ब्रह्मकारवृत्ति (साक्षात्कारवृत्ति) द्वारा सम्पूर्ण अज्ञान (भ्रमरूप जगतमा सत्यताबुद्धि) विनष्ट हुन्छ।

[५]

प्रश्न—समाधिबाट जगत् भ्रम निरसन हुन्छ कि ? हुँदैन भने समाधि किन उपदिष्ट भएको छ ?

उत्तर—जगत्रूप दृश्यको अभाव कुनै क्रिया द्वारा सिद्ध हुँदैन। किन्तु जगतमा सत्यताबुद्धि भ्रमरूप भएको हुनाले त्यो भ्रमलाई नाश गर्नुको लागि केवल ज्ञान आवश्यक हुन्छ। ज्ञान द्वारा वस्तुस्वरूपको साक्षात् उपलब्धि हुन्छ। जस्तो मरुस्थलमा भ्रमले देखिएको पानीको निवारण केवल पानीरहित मरुस्थलको यथार्थ

ज्ञान द्वारा सम्भव हुन्छ । त्यो पानी वास्तवमा न भएको हुनाले त्यसलाई हटाउनको लागि कुनै क्रिया को उपयोग हुँदैन ।

जगत साँचो भए समाधि (वृत्तिनिरोध) द्वारा त्यसको अभाव तुल्याउनु सम्भव थियो । किन्तु जगत दृश्य हो मिथ्या, जस्तो मरुस्थलको नदी मिथ्या हुन्छ । त्यसैले यो जगत् वास्तव हैन, यसप्रकार जान्नु हो कल्पित जगतको एकमात्र निरसन । त्यसैले समाधि आदि कुनै क्रियाको सहाराबाट साकार जगतको अलिकति पनि निरसन सम्भव छैन । साकार जगत हो वास्तवमा निराकार चैतन्य, यसप्रकार निश्चय हो जगतको एकमात्र निरसन ।

प्रश्न—जगत यदि साँचो हैन, तब त्यसको अनुभव कसरी संभव होला ?

उत्तर—भ्रमले नभएको वस्तुको पनि अनुभव सम्भव हुन्छ । जस्तो सुनमा गहनाको अनुभव सम्भव हुन्छ । किन्तु गहना भन्ने कुनै वस्तु छैन । त्यसकारण

त्यो गहनाको अभाव कुनै क्रियाबाट सम्भव छैन, बरू क्रियाको आलम्वन द्वारा गहनामा सत्यताभाव बढेर आउँछ। गहनाको निरसनको एकमात्र उपाय हो "यो गहना हैन, किन्तु सुन हो" यस प्रकार जान्नु।

प्रश्न—त्यसो भए शास्त्रमा समाधिको विधान किन गरिएको छ ?

उत्तर—"यो जगत् दृश्यरूप र पर प्रकाश्य भएको हुनाले यो हो मायिक (मिथ्या)" यस प्रकार जानेर मिथ्या जगत पदार्थको चिन्तनलाई परित्याग गरीकन जागा भएर स्थित हुनुलाई समाधि भनेको छ। समाधि कालमा जब चित्तवृत्ति हुँदैन तब जगतको पनि सद्भाव हुँदैन। यसरी जगतको अभावलाई प्रत्यक्ष गर्नुको लागि समाधि आवश्यक हुन्छ।

प्रश्न—तब त समाधिबाट दृश्य-निरसन बन्न पायो।

उत्तर—"जगत साँचो हो" भनी माने त्यसको निरसन समाधिबाट सम्भव छैन। तर जगतलाई मिथ्या भनीकन जानेपछि भ्रमरूप जगतको अभावको प्रत्यक्षको

लागि समाधि आवश्यक छ । यहाँ समाधि शब्दको अर्थ हो यथार्थ ज्ञान । जब सम्यक् ज्ञान उत्पन्न हुन्छ तब भ्रमले देखिएको जगतको अभाव आत्यन्तिक रूपले सिद्ध हुन्छ ।

प्रश्न—समाधि कति प्रकारको हो ?

उत्तर—समाधि हो दुई प्रकार । एक हो ज्ञानरहित समाधि । अर्को हो ज्ञानसहित समाधि । यो समाधि हो क्रमले योगीको समाधि र ज्ञानीको समाधि । **ज्ञानीको समाधि हो ज्ञानरूप; किनकि ज्ञानसमाधिमा दृश्यको आत्यन्तिक अभाव प्रत्यक्षपूर्वक अनुभवस्वरूप ब्रह्ममा सम्यक् अवस्थान हुन्छ ।** योगीको समाधि हो केवल चित्तवृत्तिको केही समयको लागि निरोध गर्नु; यस प्रकार योगी (अज्ञानी) को समाधिबाट जब व्युत्थान हुन्छ तब ज्ञानको प्राप्ति नभएको हुनाले फेरि दृश्य-दर्शन खडा हुन्छ । यस प्रकार योगीको समाधिबाट दृश्य निरसन हुँदैन, किन्तु ज्ञानीको समाधिबाट भ्रम प्राप्त जगत्दर्शनको आत्यन्तिक अभाव संभव हुन्छ । यसरी दुई प्रकारको समाधि शास्त्रमा बताइएको छ ।

[६]

प्रश्न—विचार भन्ने के कुरा हो ? विचारबाट के मिल्छ ?

उत्तर—जो वस्तु वास्तवमा मिथ्या हो त्यसलाई क्रिया द्वारा हटाउनु सम्भव छ; किन्तु दृश्य प्रपञ्च बिलकूलै साँचो नभईकन केवल भ्रमले प्रतीत भैराखेको हुनाले त्यसको निरसन केवल विचार द्वारा सम्भव हुन्छ । विचार हो सत्य र असत्य (चित् र अचित्) पदार्थको मिश्रणमा कुन हिस्सा चाहिं वास्तवमा साँचो हो र कुन हिस्सा झूठा हो त्यसको निरूपण गर्नु । त्यसैले जगत् दृश्य चित् अचित्को मिश्रणरूप भएको हुनाले त्यसमा विचार द्वारा नामरूप हिस्सालाई निरसन पूर्वक सच्चित् सुखरूप हिस्सालाई ग्रहण गर्नु पर्दछ । शास्त्रमा कहिएको छ कि अस्ति, भाति र प्रिय हिस्सा हो ब्रह्मरूप र नामरूप हो मायिक (मिथ्या) ।

यसरी सम्पूर्ण दृश्य—जो चाहिं हो चित्तवृत्ति-रूप—त्यो साक्षिचैतन्य द्वारा अवभासित भैराखेको छ । साक्षीको अवभास (साक्षीको विद्यमानता,

साक्षीको अनुस्यूतता) हो सत् हिस्सा र चिद्भास्य (जो चाहिं हो चित्तवृत्तिरूप त्यो चाहिं) हो मिथ्या । त्यसकारण मिथ्याको परित्याग पूर्वक सत्यलाई ग्रहण गर्नु (अनुभव गर्नु) आवश्यक हुन्छ । यसरी यो सिद्ध भो कि विचार द्वारा (विचार हो उत्कृष्ट ज्ञान) प्रतीतिरूप जो यो जगत् हो त्यसको निरसन हुन्छ ।

विचार अवलम्बित छ विवेक र वैराग्य माथि । केवल विचार द्वारा ज्ञान उत्पन्न हुन्छ । दृष्टान्त लिऊँ—यो जो सम्पूर्ण दृश्य जगत् को द्रष्टा (अहंकार) त्यसको वास्तव स्वरूप केवल विचार द्वारा प्राप्त हुन सक्छ । अहंकार प्रतीत हुन्छ र भ्रमले अनुभूत पनि हुन्छ किन्तु यो अहंकार वास्तव (साँचो) हैन । यसरी प्रतीत र अनुभूत भैराखेको अहंकारको कसरी निरसन सम्भव होला ? कुनै क्रिया द्वारा जप, तप, ध्यान समाधिको सहारालें अहंकार पदार्थको आत्यन्तिक अभाव संभव छैन किन्तु विचार द्वारा यसको आत्यन्तिक निवृत्ति सम्भव हुन्छ । विचार कस्तो हो ? यो देखाइन्छ—

यो जो अहंकार हो यो हो चेतन र जड (साक्षी चैतन्य र माया को कार्यचित्त) रूप। यो केवल जड पदार्थ हैन, केवल चिद्रूप पनि हैन किन्तु यो हो चित् र अचित् दुबैको मिश्रणरूप (शास्त्रमा यसैलाई चिज्जड-ग्रन्थि भनेको छ)। ग्रन्थि जस्तो दुई सूत्रको मिश्रण रूप हो त्यस्तो अहंकार पनि हो साक्षी चैतन्यको चित्तमा प्रतिभास र चित्तवृत्तिरूप। त्यसो भएको हुनाले विश्लेषण (विवेक) पूर्वक विचार गरे साक्षीचैतन्यको प्रतिबिम्ब (जो चाहिं हो मिथ्या) र चित्तवृत्ति (जो चाहिं हो मिथ्या) प्रतिबिम्बरूप किम्वा मिथ्या ठहरेको हुनाले परित्यक्त हुन्छ र दुवैको बिम्बभूत जो शुद्धचैतन्य (साक्षी चित्) हो त्यो परमार्थ सत्य भएको हुनाले परिशिष्टरूपले अनुभूत हुन्छ। शुद्धचैतन्य अनुभव हो प्रत्यक्रूपले (म हुँ शुद्धचैतन्य रूपले)। यसरी अनुभव हुनु हो विचारको फल। यसरी आफ्नो वास्तवस्वरूपको अनुभव भए आफ्नो झूठा स्वरूप (अहंकार) सर्वथा निरस्त हुन्छ।

[७]

प्रश्न—विचार र समाधिमा भेद के हो ? दुवैको प्रणाली र फल स्पस्टरूपले देखाउनुस् ।

उत्तर—पहिले विचारको स्वरूप बुझ्नुपर्दछ । विचार हो विवेक र वैराग्यपूर्वक वस्तुस्वरूपको ग्रहण गर्नु (अद्वितीय एकरस ब्रह्मवस्तुको अनुभव गर्नु) । यद्यपि आफ्नो वास्तव ब्रह्मस्वरूप केवल अनुभवस्वरूप हो तापनि त्यो अनुभवस्वरूपलाई अखण्डाकार चित्तमा स्पष्टरूपले भासमान गरे विना त्यसको अनुभव छैन । अर्थात् यो अनुभवस्वरूपलाई अनुभव गर्नु हो अस्वरूप-लाई परित्याग गरीकन अनुभवस्वरूप बनिहाल्नु । अस्वरूपलाई परित्याग गर्नु हो विवेकपूर्वक वैराग्यको काम । जब यसरी अस्वरूप परित्यक्त हुन्छ, तब स्वस्व-रूप (ब्रह्मस्वरूप) स्पष्टरूपले हृदयमा भासमान भैहाल्छ। कसरी भासमान हुन्छ ? विवेक र वैराग्यको परिणामले चित्त अखण्डाकार हुन्छ र अखण्डाकार (अत्यन्त सात्विक र स्वच्छ) चित्तमा हृदय देशमा स्थित ब्रह्मवस्तु स्पष्टरूपले अभिव्यक्त हुन्छ । यो अभिव्यक्ति (किम्वा

वृत्तिव्याप्ति) हो ब्रह्मज्ञान। यो ब्रह्मज्ञानले अज्ञान नष्ट हुन्छ र परिशेषले ब्रह्म स्वयं प्रकाशित हुन्छ; अर्थात् मुमुक्षु पुरुष आफू जीवभावको परित्यागपूर्वक ब्रह्मस्वरूप बनिहाल्छ।

विचारद्वारा दृङ्मात्रस्वरूपको अनुभव बताइयो। ऐले समाधिको प्रसंग लिऊँ।

समाधि शब्दको अर्थ हो दुई प्रकार—(१) विचार-पूर्वक उत्पन्न ब्रह्मज्ञान (जसको विवरण माथि देखाइयो) र (२) चित्तावृत्तिनिरोधरूप (क्रियारूप, योगरूप)—अर्थात् योगीको समाधि (ज्ञानसमाधि) हो विचारपूर्वक र अज्ञानसमाधि हो चित्तावृत्तिनिरोधपूर्वक।

यसरी समाधि (जो चाहिं ज्ञानपूर्वक किम्वा विचारपूर्वक हुन्छ) त्यो सम्यक् ज्ञानरूप भएको हुनाले त्यसमा जगद्वासना बाँकी रहँदैन। किन्तु निरोध समाधि (निर्विकल्परूप भए तापनि) वासनाक्षयपूर्वक र अहंकारको निरसनपूर्वक साधित न भएको हुनाले त्यसबाट दृश्यनिरसन सदाकालको लागि सम्भव छैन।

यो दुई प्रकारको समाधिलाई (योगीको समाधि र ज्ञानीको समाधिलाई) लयसमाधि र बाधसमाधिको नामले पनि कहिएको छ। यसको विस्तृत विवेचन गीतामृत पृष्ठ ४०४-५ मा गरिएको छ।

[८]

प्रश्न—सुवर्ण र कटक आदिको दृष्टान्त किन दिइएको छ ? र यसको दार्ष्टान्ति के हो ? स्पष्ट देखाऊ।

उत्तर—कटक वास्तवमा सुवर्णदेखि भिन्न वस्तु हैन, किन्तु कटक हो केवल सुवर्ण वस्तु, अलिकति पनि भिन्न हैन यो देखाउनको लागि यो दृष्टान्त शास्त्रमा कहिएको छ। अर्थात् वस्तु नभए तापनि त्यसको प्रतीति सम्भव हुन्छ। किनकि कटक आदि कुनै वस्तु अलिकति पनि छैन। सुवर्ण मात्र भएको वस्तु हो। यो सम्झाउनको लागि यो दृष्टान्त हो ज्यादा सार्थक।

साधारण मानिस प्रतीतिमात्रबाट प्रतीयमान वस्तु-लाई साँचो मान्द छ तर प्रतीति सत्यतामा कारण हुन सक्दैन। पदार्थ प्रतीत हुन्छ किन्तु वास्तवमा छैन, यो

कुरा बुझाउनको लागि सुवर्णकटक दृष्टान्त अत्यन्त सार्थक हो। त्यस्तै दार्ष्टान्तमा यो दृश्य जगत यद्यपि प्रतीत भैराखेको छ तापनि वास्तवमा हो केवल अनुभव स्वरूप (चैतन्यमात्र), त्यो देखि अलिकति पनि भिन्न हैन, यो हो दार्ष्टान्तको अर्थ। अर्थात् जस्तो कटक कुनै वस्तु छैन (वस्तु हो केवल सुवर्ण) त्यस्तै जगत दृश्य बिलकूलै न भएको वस्तु हो तापनि प्रतीत भैराखेको छ (अर्थात् अज्ञानी मानिसले दृश्य जगतलाई साँचो भनी भूलले मान्द छ)। यो प्रतीयमान दृश्य जगत वास्तवमा अलिकति पनि साँचो वस्तु हैन।

प्रश्न—त्यसोभए जगत भनीकन सबैले किन साँचो मानेकाछन् ?

उत्तर—वस्तुस्वरूपको थाहा नभए पछि त्यस्तै हुनजान्छ। जस्तो कटक कुनै वस्तु नभैकन पनि (किनकि कटक भन्नाले सुवर्णलाई भनिन्छ), कटक साँचो भनी अज्ञानीको अनुभूत हुन्छ। यसप्रकार अनुभव हो भ्रान्त अनुभव।

प्रश्न—यहाँबाट के सिद्ध भो ?

उत्तर—जगतलाई साँचो मान्नु केवल भ्रमले हुन्छ। जगत प्रतीत भैराखेको छ तर वास्तवमा केवल अनुभव-स्वरूप प्रकाशित भैराखेको छ। अनुभव वस्तु हो साँचो। जगत वस्तु हो झूठा, यस्तो बुझ्नु पर्दछ।

प्रश्न—कटक किन साँचो हैन ?

उत्तर—साँचो हो सुवर्ण, सुवर्ण व्यतिरिक्त कटक भन्ने वस्तु केही पनि छैन। त्यसकारण कटक भन्नाले सुवर्ण वस्तुलाई बुझाइन्छ।

प्रश्न—यसको रहस्य के हो ?

उत्तर—रहस्य यो हो कि जस्तो कटकलाई विनाश गर्नुको लागि कुनै क्रिया चाहिदैन। किनकि प्रतीयमान भैराखे तापनि कटक वास्तवमा कुनै वस्तु हैन। त्यस्तै दृश्य जगत चैतन्य बाहेक कुनै भिन्न वस्तु नभएको हुनाले जगत् पदार्थलाई निरसन गर्नुको लागि कुनै प्रयत्न आवश्यक हुँदैन। कारण यो हो कि निरसन गर्नुको योग्य वस्तुको मात्र निरसन सम्भव हुन्छ। जगत् दृश्य

भन्ने कुनै वस्तु वास्तवमा छैन । त्यसकारण जप, तप, ध्यान, समाधिरूप कुनै क्रिया (प्रयत्न) आवश्यक हुँदैन ।

प्रश्न—तब जगत्को अभाव कसरी सम्भव हुन्छ ?

उत्तर—जगतमा सत्यताबुद्धि हो भ्रमले सिद्ध । जगत् सत्य वस्तु हैन, यसप्रकार बुझ्नुबाट (जगतमा मिथ्यात्वबुद्धिको निश्चयबाट) जगत्को निरसन सम्भव हुन्छ ।

प्रश्न—यसमा कारण के हो ?

उत्तर—जस्तो कटक वस्तुरूप हैन, किन्तु हो केवल सुवर्णरूप । त्यस्तै जगत वस्तुभूत हैन । जसलाई जगत भनी भनिन्छ त्यो वास्तवमा हो ब्रह्मवस्तु; यसप्रकार अनुभव भए सम्पूर्ण दृश्य जगतको निरसन सम्भव हुन्छ । जगतलाई साँचो मानीकन जगतको निरसन कदापि सम्भव छैन ।

[६]

प्रश्न—मरुभूमिमा जल प्रवाहित हुदैन यो दृष्टान्तको

दार्ष्टान्त के हो ? दृष्टान्तको सार्थकता राम्रोसित प्रदर्शन गर ।

उत्तर—मरुभूमिमा केवल बालुवा रहन्छ र जब त्यो बालुवाको कण सूर्यको तापबाट ज्यादा तातो बनिहाल्छ तब टाढाबाट त्यो पानी बगिराखेको जस्तो प्रतीत हुन्छ । यसरी मरुभूमिमा पानी प्रतीत भैराखेको छ तापनि त्यहाँ पानी हुँदैन । यसको कारण यो हो कि त्यहाँ केवल तातो बालुवा मात्र हुन्छ । किनकि त्यहाँ पानी हुनुको कुनै कारण हुन सक्दैन, तापनि आँखाले बगिराखेको पानी जस्तो टाढाबाट देखिन्छ । यसरी पानीको प्रतीति भैरहे तापनि त्यहाँ पानी वास्तवमा हुन सक्दैन । यो दृष्टान्तबाट दार्ष्टान्त यो सिद्ध हुन जान्छ कि केवल एक अद्वितीय सच्चित् सुखस्वरूप ब्रह्म विद्यमान छ, अरू दोस्रो केही पदार्थ वास्तवमा विद्यमान छैन । यसरी दृष्टान्त सार्थक हुन जान्छ । किनकि दृष्टान्तबाट दार्ष्टान्तलाई बुझ्न सजिलो हुन्छ ।

प्रश्न—दृष्टान्त के हो ?

उत्तर—दृष्टान्त हो—यो हाम्रो परिचित कुरा हो कि टाढाबाट पानी बगिराखेको देखिए तापनि त्यहाँ तातेको बालुवाको कणमात्र देखिन्छ (पानी बिलकूलै हुँदैन)। यो दृष्टान्त आफूमा चरितार्थ होस्। किन्तु एतत्सम्बन्धी जो दार्ष्टान्त हो त्यो हामीलाई बुझ्नमा सजिलो हुन्छ।

प्रश्न—त्यो दार्ष्टान्त के हो ?

उत्तर—दार्ष्टान्त यो हो कि ठीक त्यस्तै दृश्य जगतको प्रतीति भैराखेको छ, तर त्यहाँ केवल परमार्थ सत्य स्वप्रकाश अखण्ड सुखस्वरूप ब्रह्म मात्र विद्यमान छ, दृश्य जगत अलिकति पनि छैन।

प्रश्न—यहाँबाट के सिद्ध हुन्छ ?

उत्तर—यो सिद्ध हुन्छ कि दार्ष्टान्तलाई ग्रहण गरीकन हामीहरू यो दृश्यमान जगत पदार्थ वास्तवमा साँचो हैन, यसप्रकार अनुभव गर्न सक्छौं। त्यसो न भए (अर्थात् दृष्टान्तको सहाराबाट दार्ष्टान्तमा पुग्न नपाए) हामीहरूको दृश्य जगतमा दृढ सत्यताबुद्धि

भैरहन्थ्यो। ऐले हामीलाई थाहा मो कि यो जगत हाम्रो वासनाबाट देख्नमा आइराखेको छ तापनि वास्तवमा जगत हो ब्रह्मस्वरूप (ब्रह्मको विवर्तमात्र), साकार पदार्थरूपले बिलकूलै साँचो हैन।

प्रश्न—त्यहाँबाट के लाभ हुन्छ ?

उत्तर—जगतमा सत्यताबुद्धि र रमाइलोबुद्धि शिथिल हुन्छ। जति जति हाम्रो जगतमा शिथिलता-बुद्धि हुँदैजान्छ त्यति त्यति हाम्रो जगतपदार्थसम्बन्धी इच्छा निवृत्त भैरहन्छ र अन्तमा हामीहरूको जगत-भावको अभाव भैहाल्छ र त्यसको अवधिरूपले हामीलाई केवल अधिष्ठान ब्रह्मस्वरूपको अनुभव हुन सक्छ, अर्थात् हाम्रो वास्तव स्वरूप र जगतको पनि वास्तव स्वरूप हो केवल अनुभववस्तु (ब्रह्मवस्तु) यसप्रकार अनुभव दृढ हुन सक्छ।

प्रश्न—सब दृष्टान्तको के जरूरत छ ?

उत्तर—दृष्टान्तको सहारा विना दार्ष्टान्तमा सत्यता-बुद्धि नहुने थियो। दृष्टान्त विना "जगत् वास्तवमा

छैन'' यसप्रकार अनुभव हामीहरूको सम्भव हुने थिएन । परिचित दृष्टान्तको सहाराबाट मात्र अपरिचित (अप्रसिद्ध) दार्ष्टान्तिमा सत्यताबुद्धि हुनसक्दैन । त्यस-कारण दृष्टान्त हो अत्यन्त सार्थक ।

प्रश्न—यसको पहिले सुवर्ण-कटक दृष्टान्त पनि गएको हो; त्यसकारण मरुभूमिमा नदीको दृष्टान्तको के आवश्यकता छ ?

उत्तर—प्रतीयमान जगतमा र प्रत्यक्षरूपले अनु-भूयमान जगतमा सत्यताबुद्धिको निवारण एक दृष्टान्तबाट मात्र सम्भव छैन । त्यसकारण शास्त्रमा धेरै दृष्टान्त कथित भएको छ । यो सम्पूर्ण दृष्टान्तको आशय हो हामीहरूको दृश्य जगतमा दृढतर रूपले मिथ्यात्वबुद्धिको उत्पत्ति गर्नु । लोकमा पनि यो प्रसिद्ध छ कि ज्यादा दृढ भैसकेको प्रतीतिलाई शिथिल तुल्याउनको लागि धेरै प्रकारको युक्ति अपनाइन्छ । शास्त्रमा[1] पनि प्रसिद्ध छ कि जो चाहिं ज्यादा हितकर विषय हो त्यसको बारेमा पुनः पुनः भनिरहनु । पुनः पुनः भनिरहे त्यो हितकर

टिप्पणी (१) "पथ्यः शतशोऽपि वक्तव्यः" ।

कुरा बुद्धिमा चढिहाल्छ र मानिस त्यसलाई ग्रहण गर्न-सक्छ । एकै पटक हितकर कुरा सुनाए त्यो कुरा सफल हुन सक्दैन।

[१०]

प्रश्न—"दृश्यनिरसन भए द्रष्टाको वास्तव स्वरूप स्वयं अनुभूत हुन्छ" यो अन्तिम अनुभवको पूर्व क्षणमा के अनुभव हुन्छ ? यो अन्तिम अनुभवको उपाय के हो ?

उत्तर—दृश्यनिरसन भए दृश्यरहित दृक् स्वरूप (ब्रह्म चैतन्य) स्वयं अनुभूत हुन्छ । जगत्दृश्य कल्पित भएको हुनाले चिद्ब्रह्म अधिष्ठानको साक्षात्कार हुन्छ । यसको कारण यो हो कि कल्पित वस्तुको स्वरूप हो कल्पित वस्तुको अधिष्ठानरूप ।

परमार्थ सत्य अद्वितीय ब्रह्मवस्तु हो सम्पूर्ण जगतको अधिष्ठान । कल्पित वस्तुको निरसन अधिष्ठानको साक्षात्कार भएमात्र सम्भव हुन्छ । त्यसकारण अधिष्ठानको साक्षात्कार हो अज्ञानको विनाशक ब्रह्मज्ञान ।

ऐले ब्रह्म साक्षात्कारको उपाय बताइन्छ । यो उपाय हो—

१. कल्पित दृश्य वस्तुको मिथ्यात्वनिश्चय; दृश्यजगत हो मिथ्या, किनकि त्यसको पृथक् सत्तास्फुर्ति छैन। जस्तो तरंग पानीदेखि भिन्न हैन । त्यस्तो दृश्य-जगत आत्मचैतन्यदेखि भिन्न हैन । यसरी आफ्नो वास्तव स्वरूपमा कल्पित संपूर्ण दृश्यप्रपञ्च हो मिथ्या, यसप्रकार निश्चय गर्नुपर्छ । यो निश्चय हो दृश्यप्रपञ्चको विस्मरणपूर्वक चित्तको अधिष्ठान स्वरूपमा स्थिति (अर्थात् अधिष्ठान आत्मस्वरूपको क्षण क्षणमा अनुभव) ।

२. प्रयत्नपूर्वक आफ्नो वास्तव निर्दृश्य चित्स्वरूपको अनुभवको अनुवृत्ति । "म शुद्ध चित्ब्रह्म हुँ; दृश्य किम्वा चित्तसित मेरो कुनै वास्तव सम्बन्ध छैन" यसप्रकार ब्रह्माकार वृत्तिको अनुवृत्ति आफ्नो ब्रह्म स्वरूपको अनुभवपरम्पराबाट ब्रह्मानुभव जनित संस्कारको अभिबृद्धि हुन्छ । यसप्रकार ब्रह्मानुभवजनित संस्कारको उपाय हो आत्म-

साक्षात्कारको परम्परा । आत्मसाक्षात्कारको अनुवृत्तिले सम्पूर्ण अनात्म जगतसित आफ्नो सम्पर्कको अभावको साक्षात् अनुभव हुँदै क्रम-क्रमले जीव र जगद्भावको विगलन सम्भव हुन्छ । आत्म-साक्षात्कार विना दृश्यसम्पर्करहित द्रष्टाको साक्षात् अनुभव र तज्जनित वासनाको प्रावल्य सम्भव छैन । त्यसकारण आत्मानुभवजनित संस्कारको अभिबृद्धिबाट जीव-जगद्वासनाको[1] अपक्षयपूर्वक मनको पनि नाश सम्भव हुन्छ । अर्थात् जब जगद्वासना निवृत्त हुन्छ तबमात्र मनको विनाश संभव हुन्छ । जबसम्म मन चलिरहन्छ (मनको

टिप्पणी १. वासना हो दुई प्रकार :—(१) भेदवासना; भेदवासनाको हेतु हो सम्वेदन किम्वा समष्टि साक्षीभाव । यो भेदवासनाको उत्पत्ति अनन्तर (२) भोगवासना उत्पन्न हुन्छ । भेदवासनाको निराकरण हो तत्पदार्थको शोधन; अर्थात् सम्वेदनभाव राहित्य किम्वा समष्टि अहंकारको अभाव हो तत्पदार्थको शोधन । भोगवासनाको निराकरण पूर्वक व्यष्टि अहंकार (प्रमाता) को निराकरण हो त्वं पदार्थशोधन ।

सत्ता विद्यमान रहन्छ) तबसम्म मनले जीवभाव र जगद्भावलाई खडागरि रहन्छ । त्यसैले वास्तव आत्मस्वरूपको अनुभवपरम्परा आवश्यक हुन्छ ।

३. आत्मानुभवजनित अभिबृद्ध संस्कार उत्पन्न भए ब्रह्माकार वृत्ति अनावश्यक हुन्छ । ब्रह्माकार वृत्ति हो अद्वैत आत्मस्वरूपको अनुभवमा एकमात्र हेतु । जब अद्वैत ब्रह्मानुभव दृढ हुन्छ तब ब्रह्माकार वृत्तिको भंग हुन्छ । ब्रह्माकार वृत्तिको भंग भए "म हुँ वास्तवमा ब्रह्मस्वरूप" यसप्रकार अनुभव ऐले अनावश्यक भएको ब्रह्माकार वृत्तिको अभाव हुन्छ । स्वयं प्रकाशमान ब्रह्मस्वरूप परिशिष्ट रहन्छ ।

यसरी ब्रह्माकार वृत्तिभंगपूर्वक ब्रह्मस्वरूपको परिशेष हो अन्तिम अनुभव । त्यसको पूर्व क्षणमा अद्वैतानुभव ("म हुँ ब्रह्मस्वरूप" यस प्रकार अद्वैतानुभव) हुन्छ । अद्वैतानुभव भएपछि मात्र साक्षात्कार (ब्रह्मस्वरूपता) प्राप्त हुन्छ । यसरी पूर्वक्षणमा आफ्नो

ब्रह्मस्वरूपताको अनुभव हुन्छ र त्यसपछि अन्तिम ब्रह्माकार वृत्तिको अवसान भए आफू ब्रह्मरूप बनिहाल्छ।

[११]

प्रश्न—दृश्यमान जगत कहाँबाट उत्पन्न हुन्छ ? यो दृश्य जगतको अनुभवमा प्रमाण के हो ? यदि प्रमाण छ तब दृश्य जगत मिथ्या किन हो ? राम्ररी विवेचना गर।

उत्तर—यसको पहिले नै बताइसकियो, दृश्य जगत वास्तवमा उत्पन्न भएको छैन। यसको कारण यो हो कि जो चाहिं उत्पन्न हुन्छ (कार्य वस्तु हुन्छ) त्यो कारणबाट उत्पन्न हुन्छ, तर जगतको उत्पत्तिको कुनै कारण छैन। ब्रह्म अद्वितीय र अपरिणामी भएको हुनाले त्यो जगतको निमित्त कारण किम्वा उपादान कारण हुन सक्दैन। अविद्या पनि वास्तवमा जगतको कारण हुन सक्दैन; किनकि जगत र अविद्या केवल आभासरूप भएको हुनाले यी दुवै एकसाथ उत्पन्न हुन्छन् (अर्थात् प्रतिभासित हुन्छन्)। त्यसकारण यो

सिद्ध भो कि जगत हो वास्तवमा केवल शुद्ध चैतन्य वस्तु; जगत हो ब्रह्म चैतन्यको विवर्तमात्र ।

जस्तो पानीमा तरंग उत्पन्न हुन्छ, त्यस्तै ब्रह्ममा जगत प्रतीत भैराखेको छ । जगत हो प्रातिभासिक । जगतको प्रतीति हुन्छ तर वास्तवमा जगत वस्तुरूप हैन । प्रतीति प्रतिभास, आभास सारा हो ब्रह्मको आफ्नो स्वरूप । जस्तो सुवर्णबाट केयूर आदि भूषण उत्पन्न हुन्छ भनी भ्रमले मानिन्छ । वास्तवमा केयूरादि भूषण सुवर्णदेखि भिन्न वस्तु हैन, त्यस्तै ब्रह्मबाट जगत उत्पन्न हुन्छ भनी मानिन्छ । अर्थात् जगत हो ब्रह्मको विवर्त चिन्मात्र ब्रह्म जगद्रूपले भासमान देखिन्छ । यदि जगत को वास्तव स्वरूप ब्रह्म हो भनी मानिदैन तब जगत भासमान र विद्यमान पनि मानिने थिएन । त्यसकारण जगत ब्रह्मबाट उत्पन्न हुन्छ भनी मानिन्छ ।

प्रश्न—तब जगत उत्पन्न भएको छैन भनी किन भनिएको छ ?

उत्तर—जगत वास्तवमा हो अनुत्पन्न; किन्तु अज्ञानी पुरुष जगतलाई साँचो मान्द छ र त्यसको

जगतमा सत्यताबुद्धिलाई हटाउनको लागि शास्त्र सज्जनले जगत ब्रह्मबाट उत्पन्न भएको छ भनी बताउछन् ।

प्रश्न—यो कुरा स्पष्टरूपले बताउनुस् ।

उत्तर—जस्तो आगाबाट स्फुलिङ्ग निस्कन्छ (यो स्फुलिङ्ग आगोरूप नै हो), त्यस्तै ब्रह्मबाट जगत उत्पन्न भएको छ (त्यसकारण जगत हो ब्रह्मरूप नै), यसप्रकार शास्त्रमा भनिएको छ । यहाँ ब्रह्मबाट भनीकन आचरिकरूपले (साँचो बुद्धिले) केही कुरा उत्पन्न भएको छ, यसप्रकार बुझनु हुँदैन ।

प्रश्न—तब के बुझनुपर्छ ?

उत्तर—ब्रह्मबाट (अज्ञानी पुरुषको बोधार्थ) जो जगत उत्पन्न भएको छ त्यो समुद्रतरंग झैं ब्रह्मरूप नै हो—ब्रह्म देखि अलिकति पनि भिन्न हैन, ब्रह्ममात्र हो—यसप्रकार बुझनुपर्दछ । अर्थात् ब्रह्म र जगत हो पर्याय शब्द ।

प्रश्न—ब्रह्म हो चेतन, जगत हो जड, यसरी दुई विपरीत वस्तु कसरी एकै वस्तु हुन सक्ला ?

उत्तर—"जगत ब्रह्मदेखि भिन्न हो" यो अज्ञानी जनको दृढ़ भेदवासनाबाट मानिएको छ, यो भेद वास्तव हैन । त्यसकारण यो भेद-बुद्धिलाई शिथिल तुल्याउनको लागि शास्त्रले प्रतीयमान द्वैतभावनालाई शिथिल तुल्याउनको लागि दुवैको वास्तव एकता बताएको छ । भ्रमको ठाउमा (जहाँ अधिष्ठानमा वास्तवमा कल्पित वस्तुको लेशमात्र सत्ता हुँदैन त्यहाँ) भ्रमले दुई वस्तु मानिएको थियो तापनि वास्तवमा वस्तु हो अद्वितीय, यसरो ज्ञानी पुरुषले अज्ञानी पुरुषको भेदबुद्धिलाई निराकरण गरिदिनुहुन्छ । यसरी भेदको निराकरणको लागि प्रतीयमान दुई पदार्थ हो वास्तवमा एकै वस्तु, यस्तो प्रतिपादन अत्यन्त युक्तियुक्त हो ।

यसरी यो सिद्ध भो कि दृश्य जगत वास्तवमा छैन, त्यसकारण यसको अनुभव हो भ्रमसिद्ध । त्यसैले जगतको अनुभवमा कुनै प्रमाण छैन । किनकि प्रमाण भए जगतको अनुभव साँचो हुनेथियो । त्यसकारण जगतको

अनुभव हो प्रमाणशून्य । यसमा श्रुतिप्रमाण छैन (श्रुतिले पुनः पुनः जगतको सत्यतालाई निषेध गरेको छ) । श्रुतिको सिद्धान्त हो कि—

(१) जगत मायिक भएको हुनाले जगत् वास्तवमा छैन, जगतरूप कार्य कहिले पनि अलिकति पनि उत्पन्न भएको छैन ।

(२) जगतको कारण पनि छैन । जगत हो अकारण, जगत अकस्मात् खडा भएको देखिन्छ (ठीक जस्तो स्वप्न प्रपञ्च अकस्मात् खडा हुन्छ र वास्तवमा हो सर्वथा मिथ्या) । यसरी जगतको सत्ता र जगत को अनुभव हो श्रुतिप्रमाणरहित । जगतको अनुभव-मा युक्ति प्रमाण पनि छैन । यदि जगतको अनुभव साँचो हुनेथियो तब सुषुप्तिमा पनि जगतको अनुभव हुनेथियो । त्यसकारण जगत तीनै कालमा अबाधित नभएको हुनाले जगत हो मिथ्या र त्यसकारण जगतको अनुभव पनि हो भ्रमसिद्ध । जुन वस्तु आदिमा र अन्तमा हुँदैन त्यो वस्तु बीचमा पनि हुन सक्दैन । यसरी जगतको अनुभव हो श्रुति अनुकूल

सारा युक्तिबाट वर्जित । जगतको अनुभवमा विद्वानको अनुभव पनि प्रमाण छैन । ज्ञानी पुरुषले दृश्य जगतलाई कहिले पनि अलिकति पनि अनुभव गर्नुहुन्न । यसरी जगतको अनुभव हो सम्पूर्ण प्रमाण-देखि विवर्जित ।

प्रश्न—तब जगतको अनुभव कसरी सिद्ध हुन्छ ?

उत्तर—जगतको अनुभव साक्षीचैतन्यबाट सिद्ध हुन्छ । "यो जगत् हो", "म जगतलाई देखिराखेको छु" यसप्रकार प्रतीति (साक्षीभास्य अनुभवबाट सिद्ध) भएको हुनाले जगतको अनुभव हो मिथ्या । जो चाहिं अनुभव-बाट सिद्ध हुन्छ त्यो अनुभवस्वरूपमा कल्पित भएर सिद्ध हुन्छ । त्यसकारण जगतको अनुभव कल्पित सिद्ध भएको हुनाले त्यो वास्तवमा हो अनुभवस्वरूप । किनकि अनु-भवसिद्ध[१] वस्तु हो केवल अनुभवस्वरूप; अनुभवस्वरूप

टिप्पणी (१) अनुभवसिद्ध शब्दको अर्थ हो—(क) अनुभवस्वरूप (किनकि अनुभवस्वरूप आफूबाट प्रकाशित छ); स्वयं प्रकाशमान, स्वयंसिद्ध ब्रह्मवस्तु ।

देखि भिन्न वस्तु अनुभवस्वरूपमा कल्पित भैकन अनुभव-स्वरूपबाट प्रकाशित भैराखेको छ । यसरी जगत र अनुभव वस्तु हो पर्याय शब्द, यो पहिले पनि भनि-सकियो ।

प्रश्न—त्यसोभए जगतको अनुभवको बारेमा निष्कर्ष के हो ?

उत्तर—जगत हो प्रातीतिक (प्रातिस्विक), वस्तु रूप हैन । जगतरूपले जुन वस्तु अनुभूत भैराखेको छ

(ख) अनुभवव्यतिरेक वस्तु (जगत्), जो चाहिं अनुभव-स्वरूपमा कल्पित भएर अनुभवस्वरूपबाट प्रकाशित भैरहन्छ; साक्षिभास्य जगत् ।

(२) यसप्रकार अपरोक्ष भन्ने शब्दको अर्थ पनि दुई प्रकारको छ—

(क) आफ्नो व्यवधानरहित स्वरूप (अर्थात् प्रमाताको अव्य-वहित निजी वास्तव स्वरूप)—अर्थात् आत्मा (मुख्य अपरोक्ष) ।

(ख) इन्द्रियद्वारा आफ्नो साक्षीस्वरूप देखि अभिन्न भनी अनुभूत वस्तु (जगत्) । यसरी साक्षात् अपरोक्ष वस्तु हो आत्मा र इन्द्रियको सहारालेआफूदेखि अभिन्न गरिएको जगत् (गौण अपरोक्ष) ।

त्यो हो चिन्मात्र ब्रह्म । किनकि अनुभवस्वरूपको नै अनुभव (प्रकाशित हुनु) सम्भव हुन्छ । त्यसकारण जगत हो शुद्धचैतन्य वस्तु; जगत भन्ने वास्तवमा हो सारा दिशामा, सारा ठाउमा, सारा कालमा सम्पूर्ण-रूपले अद्वितीय चिन्मात्र ब्रह्म वस्तुको अव्याहत अव-भासन । जगत् भन्ने ब्रह्मदेखि अलिकति पनि भिन्न वस्तु हैन । जगत हो ब्रह्मरूप ।

❀ समाप्त ❀

●

परिशिष्ट

[चिठ्ठी]

कलकत्ता आश्विन २,०३०

परमप्रिय देवेश्वर,

तिम्रो भाद्र २८ गतेको चिठ्ठी हिजो बेलुकी पाएँ। तिम्रो ज्वरो गएको छ त ?

आमा देहलीबाट ८ दिन पहिले फर्कनु भो। ७ दिन पहिले मैले तिमीलाई चिठ्ठी दिएँ कि आश्विन २९ गते (र.त्यसपछि) हामीहरू काशी जानसक्छौं र सारा कार्तिक बस्नसक्छौं। अनन्तलाई पनि त्यो दिन यसको बारेमा लेखेको छु।

× × ×

"सिद्धान्त"लाई तिमी "सिद्धाञ्जन" बनाउन आँटचौ। यो सदासिद्ध अञ्जन आँखामा लगाए पछि मुमुक्षु पुरुषले आफ्नो सच्चित् सुखस्वरूपलाई स्पष्ट देख्न सक्छ।

प्रश्न—आत्मस्वरूपलाई स्पष्टरूपले देख्नु कति कुरा हो ?

उत्तर—सम्यक् आत्मदर्शन हो—(१) आत्मस्वरूपलाई यथार्थरूपले अनुभव गर्नु (सम्यक् अनुभव=ब्रह्मज्ञान), यो हो

चतुर्थ ज्ञानभूमिका र (२) निर्विकल्प समाधिको नित्य निरन्तर अभ्यासद्वारा वासनाक्षय र मनोनाशसम्पादनपूर्वक ब्रह्मस्वरूपमा सहज अवस्थान गर्नु (ब्रह्मनिष्ठ हुनु), यो हो सप्तम ज्ञानभूमिका। ब्रह्मज्ञान नभए जीव ब्रह्म हुन सक्दैन।

प्रश्न—ब्रह्मज्ञान कसरी हुन्छ ?

उत्तर—पदार्थशोधनद्वारा (प्रपञ्चप्रतीतिको निवृत्तिद्वारा) मुमुक्षु आफूलाई—अखण्डाकार वृत्तिको सहारामे ब्रह्म भनी स्पष्ट जान्न सक्छ (अनुभव गर्न सक्छ)।

प्रश्न—अखण्डाकार वृत्ति कसरी उत्पन्न हुन्छ ?

उत्तर—तत्पदार्थको शोधन भए प्रपञ्चको निवृत्ति सिद्ध हुन्छ। प्रपञ्चको निवृत्ति हो अखण्डाकार वृत्तिको उत्पत्ति। यसरी शोधित तिमी निर्भेद परमार्थ सत्य ब्रह्मवस्तुमा—ज्ञानपूर्वक—परिसमाप्त भैहाल्छौ।

प्रश्न—तत्पदार्थको शोधन कसरी हुन्छ ?

उत्तर—सुषुप्तिको विवेचनद्वारा—(१) तिमी आफूलाई "भोक्ता" भनी जानेर पछि, (२) त्यो साभास सात्विक आगमापायी, परप्रकाश्य, विकारी वृत्तिलाई परित्याग गरेपछि (वासनासंयुक्त) तिमी—सौषुप्त आनन्दमय—परिशिष्ट रहन्छौ। यो परिशेष हो अनुभवसिद्ध कुरा।

यतिसम्म जानेपछि निर्विकल्प समाधि हो एकमात्र प्रयत्न।

प्रश्न—किन ?

उत्तर—नभए वासनाको क्षय हुँदैन । अद्वैतको अनुभव भए-पछि द्वैतवासनाको क्षय सम्भव हुन्छ । वासनाक्षय भए मनको पनि निवृत्ति हुन्छ । वासना मनमा बसिरहन्छ र वृत्तिरूपले (त्रिपुटी-रूपले) खडा हुन्छ, जसले अद्वितीय आफ्नो स्वरूपको—वृत्ति-द्वारा—अनुभव गरेको छ, त्यसले निर्विकल्प समाधिको अभ्यास बाहेक अरू के गर्नसक्ला ?

प्रश्न—यसमा प्रमाण के हो ?

उत्तर—वाशिष्ठोक्त सप्त ज्ञानभूमिका हो यसमा एकमात्र प्रमाण, चतुर्थं ज्ञानभूमिकाप्राप्ति अनन्तर पञ्चम ज्ञानभूमिका (निर्विकल्प समाधि) को प्राप्तिको लागि प्रयत्न गर्नुपर्छ ।

प्रश्न—यसमा युक्ति पनि छ कि ?

उत्तर—सारा शास्त्रप्रमाण हो युक्तियुक्त । बाबुराम, गंगाराम आदिमा प्रबल संसारीभावको एकमात्र कारण हो वासनाक्षयको लागि यत्न नगर्नु । विक्षेपको निवारण नभए आवरणको पनि निवृत्ति सम्भव छैन । परिणामले बाबुराम आदि—जानी बुझीकन पनि—मनको निवृत्ति गर्न सक्दैन । त्यसैले विचारणा, तनुमानसा, सत्वापत्ति र असंसक्ति यो भूमिकाचतुष्टय मोक्षशास्त्रमा विहित भएको छ ।

प्रश्न—अद्वैत संस्थाको उपदेश के हो ?

उत्तर—"सिद्धान्त-सिद्धाञ्जन" हो अद्वैतसंस्थाको एकमात्र उपदेश । यसको स्थापन हो सज्जन, सीद्धा-साधा मानिसलाई आफ्नो

सनातन अखण्ड सुखस्वरूपमा स्थित गरिदिनु (रोजगार, कमाई प्रारब्ध अनुसार चलिरहन्छ) । केवल ब्रह्मस्वरूपलाई जनाइदिनु मात्र हैन, किन्तु चिरसुखी (ब्रह्मनिष्ठ) तुल्याइदिनु—अर्थात् ब्रह्मविद् भैकन मुक्त पनि (चिरसुखी पनि) भैहाल्नु । त्यसैले महाविद्यालय र विश्वविद्यालय दुवै अंग राखिएको छ ।

प्रश्न—यो सिद्धाञ्जन के हो ?

उत्तर—सुषुप्तिको विवेचनपूर्वक ब्रह्मस्वरूपमा अवस्थान ।

प्रश्न—यो दुबैको भिन्न के सम्बन्ध छ ?

उत्तर—ब्रह्मरूपले अवस्थान केवल सुषुप्तिको विवेचनबाट सम्भव हुन्छ ।

प्रिय, मोद, प्रमोद	अज्ञानानन्द (कारणानन्द किम्वा भोक्ताभाव)	निजानन्द (सौषुप्तआनन्द-मय, भोक्तासाक्षी)
(१)	(२)	(३)

(१) र (२) हो विनश्वर; किन्तु (३) हो अविनाशी ब्रह्म ।

प्रश्न—तब निर्विकल्प समाधिको के प्रयोजन छ ?

उत्तर—अनुभव गरेको वस्तुलाई स्थित राख्नुपर्छ । अर्थात् तिमी वास्तवमा दृश्ययुक्त द्रष्टा पुरुष हैन, किन्तु तिमी हौ दृश्यरहित चिद्वस्तु (ब्रह्म) । त्यसकारण तिमी जो हौ त्यसरूपले तिमी अवश्य नै बस्नुपर्छ । व्याधभावलाई छोडेर राजपुत्र भएर बस्नुपर्छ । समाधिको परिपाक भए विना यस्तो स्थिति सम्भव हुँदैन ।

तिमी ब्रह्मज्ञानी [illegible] पनि [illegible] संसारमा व्यस्त (मस्त) रहन्छौ—आफ्नो ब्रह्मरूपमा बस्न सक्दैनौ र परिणामले सुख, दुःख, भयलाई अनुभव गरिनै रहन्छौ—तब ब्रह्मज्ञान पनि सिद्ध भएन। ज्ञान भए पनि पूरा ज्ञान हुन सकेन। त्यसैले सिद्धाञ्जन चाहियो। जो ब्रह्मलाई जान्दछ त्यो ब्रह्म नै बन्दछ। यो हो वस्तुस्थिति।

× × ×

आशीर्वाद लेऊ !

—क्षितीशचन्द्र चक्रवर्ती

('सिद्धान्त' पत्रिकामा छापिएका श्रीगुरुदेवका लेखहरूलाई पुस्तकाकारमा प्रकाशित गर्ने शिलशिलामा वाराणसी भएको वेला ग्रन्थ प्रकाशनको समाप्तिको दिन आजै यो अपूर्व पत्र प्राप्त भो। हिन्दी लेखहरूलाई "सिद्धाञ्जन" नाम राखिबक्स्यो। यो ग्रन्थ-रत्नको मुद्रण भैरहेको बेला प्राप्त भएकोले यसप त्रलाई परिशिष्ट-मा राखेको हुँ। यसले मुमुक्षुहरूलाई आत्मज्ञान गर्न ठूलो बल दिनेछ। करुणामूर्ति श्रीगुरुदेवको ऋण उहाँको आज्ञापालनबाट नै चुकाउन सकिन्छ। मुमुक्षु यही अटल विश्वासमा रहेको हुन्छ।)

दि० ५।६।०३० वाराणसी —देवेश्वर

[कवर दोस्रोको शेषांश]

लेख
पा
हृद
घट
श्री
ॐ

८६३६

AUTHOR चक्रवर्ती क्षितीशचन्द्र

TITLE योगवशिष्ठ

N-Q 21:226
CHA
2030 B.S

८६३६

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः		

[कवर दोस्रोको शेषांश]

लेख्नु

पाएको

हृदयंग

घटना

श्रीना

८६३६
AUTHOR चक्रवर्ती क्षितीशचन्द्र
TITLE योगपरिचय

N-Q 21:226
CHA
2030 B·S
८६३६

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

ब्रह्मनिष्ठ श्रीगुरुदेव डॉ० क्षितीशचन्द्र चक्रवर्तीजी की कर्म, भक्ति, ज्ञान, समाधि, साक्षात्कार, जीवन्मुक्ति, विदेह मुक्ति आदि शास्त्रीय विषयों की गम्भीर एवं विशद विवेचनाओं से पूर्ण कृतियाँ—

हिन्दी में

(१) स्वरूपानुभव
(२) भगवान विश्वनाथ का स्वरूप
(३) वेदान्त विज्ञान
(४) सर्व विज्ञान
(५) समाधि
(६) साधन सार संग्रह
(७) तैत्तिरीय उपनिषद्
(८) छान्दोग्य उपनिषन्
(९) आनन्दमयकोश विवे
(१०) वेदान्त रहस्य
(११) सर्वत्याग या संन्यास
(१२) आत्मनिरूपण
(१३) भक्ति और ज्ञान
(१४) क्षेत्रज्ञ
(१५) प्रबोध पञ्चक
(१६) प्रपञ्च प्रतीति
(१७) सृष्टि समीक्षा

संस्कृत में

(१) वेदान्तरहस्य प्रश्नोत्तरी

अंग्रेजी में

(1) Vision of Reality
(2) Great Panacea
(3) Simple English Reader

●

पुस्तक प्राप्ति स्थान :—

साझा प्रकाशन

केन्द्रीय कार्यालय—पुल चौक, काठमाडौं एवं
विराट नगर, पोखरा आदि

तथा

साझा प्रकाशन की शाखायें एवं उपशाखायें

NQ21:226
CHA
2030 B.S